
# हाम्रो वडा राम्रो वडा

## आयसाको खुसी (कथा)

आयसाको घर गुलरिया नगरपालिकाको ६ नम्वर वडामा पर्दछ । उनको मन मिल्ने साथी प्रितीको घर ९ नम्वर वडामा पर्दछ । गुलरिया नगरपालिकामा १२ ओटा वडाहरू छन् । गुलरिया नगरपालिकाको कार्यालय ६ नम्वर वडामा अवस्थित छ । आयसाको घर रहेको ६ नम्वर वडाको पूर्वमा ८ नम्वर वडा पर्दछ । उत्तरमा ५ नम्वर वडा, पश्चिममा ४ नम्वर र ७ नम्वर वडा पर्दछन्, भने दक्षिणमा पनि ८ नम्वर वडा नै पर्दछ । आयसाको मामाघर डल्लापुरमा पर्दछ भने हजुरबुबा र हजुरआमा बिक्रीगा( उँमा बस्नु हुन्छ । आयसा विद्यालय छुट्टी भएको दिन मामाघर र हजुरबुबा हजुरआमाको घर जानु पर्दा भादा पुल तरेपछि ११ नम्वर वडामा रहेको मामाघर डल्लापुरमा पुगेर उत्तरतिर अगाडि बढ्दै १२ नम्वर वडाको दुधा, भैंसाही हुँदै खोला तरेर हजुरबा हजुरआमाको घर बिक्रीगाउँमा पुग्छिन् । जङ्गलले घेरेको नदीको पूर्वी भागमा भएको उक्त गाउँमा उनलाई निकै रमाइलो लाग्छ । पर्सि उनको जन्म दिन हो । उनको बुबाले उनलाई वर्थडे गिफ्ट (जन्म दिनको उपहार) किन्नको लागि १० नम्वर वडाको रत्नापुरको सिमामा रहेको भारतीय बजार चित्लहवा जाने कुरा सुनेर उनी दङ्ग छिन् । त्यसै गरी यो वर्षको पढाइको नतिजा राम्रो ल्याएको खण्डमा ९ नम्वर वडामा रहेको टेपरी गाउँको दक्षिण भारतीय सिमामा लाग्ने लक्कडबाबा मेलामा लै जाने भन्ने बुबाको कुराले त झन उनलाई किताब छाड्नै मन लाग्दैन । आयसाको दिदीको विहे वडा नम्वर १ मा रहेको शंकरबस्तीमा भएको छ । गएको माघमा दिदीले उनलाई आफ्नो घरतिर घुमाउन लग्नु भएको थियो, त्यहाँ दिदीले ३ नम्बर वडाको कटी गाउँ हुँदै लैजाँदा यो हाम्रा नगर प्रमुख मुक्तिनाथ यादव ज्यूको घर हो भनेर बाटोको दक्षिण पूर्व रहेको ठूलो घरलाई देखाएर चिनाउनु भएको थियो । त्यसपछि पश्चिमपट्टि खण्डाबाबाको मन्दिर हुँदै १ नम्बर वडाको शंकरबस्ती, १६ नम्बर, १५ नम्बर, १२ नम्वर गाउँ हुँदै पर्वतीया मन्दिर समेत घुमाउनु भयो । पर्वतीया मन्दिरमा दर्शन गरेपछि दिदीले २ नम्वर वडामा रहेको पण्डितपुरमा कृष्णसार संरक्षण क्षेत्रमा घुमाउन लैजानु भयो । कृष्णसार संरक्षण क्षेत्रमा कृष्णसार उफ्रेको दृष्य उनलाई अहिले पनि झलझली सम्झना आइरहेको छ ।



## परिचयः

परम्परादेखि बजाइँदै आएका बाजाहरुलाई लोकबाजा भनिन्छ । हाम्रो गुलरियामा प्रायः विवाह, व्रतबन्ध, मुण्डन, भजन कीर्तन, सप्ताह, चाडपर्व, मोहर्रम (ताजिया), मण्डलीमा धेरै किसिमका लोकबाजाहरु जस्तैः मादल, बाँसुरी, खैंजडी, ढोलक, पञ्चेबाजा, सारङ्गी, ढोल आदि बजाइँदै आइएको छ ।

## मादल :

मादल एउटा लोकबाजा हो । यो खयर, सिसौ, साल आदि रुखबाट बनाइन्छ । काठलाई दुवैतिरबाट खोक्रो बनाएर छालाले मोडेर बनाइन्छ । मादलको सानो भागलाई भाले भनिन्छ भने ठूलोतिरको भागलाई पोथी भनिन्छ । आवाज राम्रो बनाउन मादलको दुवै भागमा खरी लगाइन्छ । यो कम्मरमा बाँधी वा काँधमा राखी बजाइन्छ ।

## अभ्यासः

**तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।**

क) लोकबाजा भनेको के हो ?

ख) तपाईंको घरमा कुन बाजा छ ?

ग) तपाईंलाई मन पर्ने बाजा कुन हो ?

घ) कुनै पाँचओटा लोकबाजाहरूको नाम लेख्नुहोस् ।

ङ) पञ्चेबाजामा कतिओटा बाजा हुन्छन् ?

## परियोजना कार्य :

१. तपाईंको समुदायमा प्रचलित कुनै एक लोकबाजाको बारेमा लेख्नुहोस् ।

२. शिक्षक वा अभिभावकसँग स्थानीय कुनै एउटा लोकबाजा बजाउन सिक्नुहोस् र कक्षामा बजाएर देखाउनुहोस् ।

